# समाधिमा

तिम्रो समाधिमा मैले पोखेको थिएँ
शोकका केही अश्रुहरू
लेखेको थिएँ डायरीमा
स्वतः उब्जेका हृदयका भावोद्‌गारहरू
कविताको पुष्पाञ्जलि
अर्पण गरेको थिएँ
श्रद्धाले र आस्थाले
तिम्रो उत्सर्गको भाव-गङ्गामा
मेरो कण्ठले गाएको थियो
गीतका पङ्‌तिहरूमा
तिम्रो महानताका गाथा
तरल स्वरहरूमा
कति विह्वल म ?
विह्व्ल मेरा बन्धुहरू
सहकर्मीहरू
नुहेको थियो ध्वजापताका
तिमीले पूरा गर्न बाँकी रहेका
अधुरो छोडेका कार्यहरू
पूर्ण गर्ने सङ्कल्पमा,
आह ! आज ती फूलहरू समाधिका
सबै ओइलाएको देख्दछु
त्यसका रङ्गहरू
चम्किला, ताजा र गाढाहरू
बेरङ्ग र उडेको देख्दछु
कुन क्षणका कीटाणुहरूले ?
हत्याउँदो रहेछ यसरी
पवित्रासन
र दुर्गन्ध फैलँदो रहेछ ।

६ ६ ६